# रत्ननगर नगरपालिका शिक्षा ऐन, २०७४

नगर सभाबाट पारित मितिः – २०७४।११।१६

## रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रत्ननगर, चितवन

…रायण वन
नगर प्रमुख

# रत्ननगर नगरपालिका शिक्षा ऐन, २०७४

| | | |
|---|---|---|
| १ | निर्णय प्रति | |
| २ | प्रमाणित प्रति | |
| ३ | सार्वजनिकीकरण प्रति | |

नारायण बन
नगर प्रमुख

# रत्ननगर नगरपालिका शिक्षा ऐन, २०७४

प्रस्तावना : नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा शिक्षा सम्बन्धि अधिकार कार्यान्वयन गर्न र रत्ननगर नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न आवश्यक भएकोले नेपालको संविधानको धारा २२६ बमोजिमको रत्ननगर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस ऐनको नाम रत्ननगर नगरपालिका शिक्षा ऐन २०७४ रहेको छ ।

ख) यो ऐन रत्ननगर नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

ग) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

क) "ऐन" भन्नाले रत्ननगर नगरपालिकाको शिक्षा ऐनलाई सम्झनुपर्छ ।

ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

ग) "प्रदेश शिक्षा ऐन भन्नाले प्रदेश संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

घ) नगरपालिका भन्नाले नेपालको संविधान बमोजिम गठन भएको रत्ननगर नगरपालिका सम्झनु पर्छ ।

ङ) कार्यपालिका भन्नाले रत्ननगर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

च) विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

छ) प्रारम्भिक बाल शिक्षा भन्नाले चार बर्ष उमेर पुरा भई पाँच वर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि दिईने प्रारम्भिक बाल शिक्षालाई सम्झनुपर्छ र सो शब्दले नर्सरी, के.जी. र मन्टेश्वरी शिक्षालाई समेत सम्झनु पर्छ ।

ज) आधारभुत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिईने शिक्षा सम्झनुपर्छ

झ) माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षा सम्झनु पर्छ ।

ञ) विशेष शिक्षा भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता सुस्त श्रवण वा अति अशक्त शारिरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समुहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्छ ।

ट) समावेशी शिक्षा भन्नाले देहायको शिक्षा सम्झनुपर्छ ।



नारायण ...
नगर प्रमुख

१) दृष्टिविहिन, न्युन दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारिरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिईने शिक्षा,

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिईने शिक्षा

ठ) प्राविधिक तथा व्यवसायिक शिक्षा भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षालाई सम्झनु पर्छ।

ड) विद्यालय भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ।

ढ) सामुदायिक विद्यालय भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

ण) संस्थागत विद्यालय भन्नाले सरकार वा नगरपालिकाबाट अनुमति पाउने गरी स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

त) प्रारम्भिक बाल शिक्षा केन्द्र भन्नाले खण्ड (छ) बमोजिमको शिक्षा दिन, खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, के.जी. मन्टेश्वरी आदि सम्झनुपर्छ।

थ) आधारभूत विद्यालय भन्नाले (ज) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनु पर्छ।

द) माध्यमिक विद्यालय भन्नाले खण्ड (ज) र (झ) बमोजिमको शिक्षा दिईने विद्यालय सम्झनु पर्छ।

ध) धार्मिक विद्यालय भन्नाले परम्परागत रुपमा चलिआएका गुम्बा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

न) आवासीय विद्यालय भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनु पर्छ।

प) मन्त्रालय भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ।

फ) प्रदेश मन्त्रालय भन्नाले प्रदेश नं. ३ को शिक्षा मन्त्रालय सम्झनु पर्छ।

ब) शिक्षक सेवा आयोग भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, बढुवा आदि सिफारिस गर्ने आयोग सम्झनु पर्छ।

भ) पाठ्यक्रम विकास केन्द्र भन्नाले संघीय शिक्षा ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागी जिम्मेवार निकायलाई सम्झनु पर्छ।

म) शिक्षक किताबखाना भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ

य) प्रमुख भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

र) प्रमुख प्रशासकिय अधिकृत भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ

ल) स्थानीय शिक्षा अधिकारी भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

व) निरीक्षक भन्नाले विद्यालयको निरीक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

श) प्रधानाध्यापक भन्नाले विद्यालयको प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

ष) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दको प्रधानाध्यापक समेतलाई जनाउँछ ।

स) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागी विद्यार्थीको बावु वा आमा वा बावु तर्फको बाजे वा बज्यैलाई जनाउँछ ।

ह) कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनु पर्छ ।

क्ष) माध्यमिक शिक्षा उत्तीर्ण परिक्षा भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

त्र) आधारभुत शिक्षा उत्तीर्ण परिक्षा भन्नाले आधारभूत तहको अन्त्यमा हुने परिक्षा सम्झनुपर्छ ।

ज्ञ) अनुमति भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

१) स्वीकृती भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

२) शैक्षिक गुठी भन्नाले विद्यालय सञ्चालन गर्नको लागी कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

३) शैक्षिक सत्र भन्नाले विद्यालयमा अध्ययन/अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

४) शिक्षा समिति भन्नाले यसै ऐन बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनु पर्छ

५) परीक्षा समिति भन्नाले आधारभुत शिक्षा उत्तिर्ण परीक्षा समितिलाई सम्झनु पर्छ ।

६) व्यवस्थापन समिति भन्नाले यसै ऐन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

७) शुल्क भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

८) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन् अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिए बमोजिम सम्झनु पर्छ ।

नारायण वन
नगर प्रमुख

३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :

(१) विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्वन्धित वडा समितिको सिफारिस सहित नगरपालिकामा निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा स्थानीय शिक्षा अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्ने अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको निर्णय सहित तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पुरा गरेमा नगर कार्यपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुदाँका बखत कम्पनीको रुपमा सञ्चलनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निबेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम नगर शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिईने छैन ।

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो. भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

७) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुंनेछ ।

८) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि नीजिस्रोतबाट आधारभुत विद्यालयको प्रारम्भिक बाल विकास केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित वडा समितिले दिनेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी सस्थाले कुनै मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धि व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेमा विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) उपदफा (९) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सञ्चालन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

नारायण धने
नगर प्रमुख

४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धि व्यवस्था :

(१) नगरपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा समावेशी शिक्षा दुर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्वन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष शिक्षा तर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सहजीकरण प्रक्रिया र मुल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) विशेष शिक्षा समावेशी शिक्षा र दुर तथा खुला शिक्षा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. शिक्षाको प्रकार :

(१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

क) आधारभुत शिक्षा

१) साधारण शिक्षा

२) परम्परागत धार्मिक शिक्षा

ख) माध्यमिक शिक्षा

१) साधारण शिक्षा

२) परम्परागत धार्मिक शिक्षा

३) प्राविधिक तथा व्यवसायिक शिक्षा

६. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

क) आधारभुत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ ।

ग) भाषा विषयमा अध्यापन गराउदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।



नारायण वन
नगर प्रमुख

७. विद्यालयको पाठयक्रम र पाठयपुस्तक

(१) विद्यालयले नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. परीक्षाको सञ्चालन र व्यवस्थापन :

(१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभुत शिक्षा उत्तीर्ण परिक्षा नगरपालिकाले सञ्चालन गर्नेछ, त्यसका लागि नगर भित्र देहायको परिक्षा समिति रहनेछ ।

क) नगर शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सामुदायिक विद्यालयका प्र.अ. हरुमध्येबाट तिन जना - सदस्य

घ) नगर प्रहरी प्रमुख- सदस्य

ङ) सस्थागत विद्यालयका प्र.अ. हरुबाट १ जना - सदस्य

च) शिक्षा अधिकृत - सदस्य सचिव

(३) आधारभुत तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन र व्यवस्थापन उपदफा (२) बमोजिमको समितिले सञ्चालन गरे बमोजिम हुनेछ ।

९. नगर शिक्षा समिति :

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागी देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

क) नगर कार्यपालिका प्रमुख वा नगर प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) नगर कार्यपालिकाको सदस्यहरु मध्येबाट (१ जना महिला सहित)नगर प्रमुखले तोकेको ३ जना - सदस्य

घ) सामुदायीक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

ङ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

नारायण दत्त
नगर प्रमुख

ङ) स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील विज्ञमध्येबाट समितिले मनोनित गरेको एकजना - सदस्य

च) स्थानीय शिक्षा अधिकारी - सदस्य सचिव

छ) शिक्षकको पेशागत संघ/संगठनहरुका प्रमुखहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

ज) शिक्षक महासंघ प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

२) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफनो सफाई पेशगर्ने मौकाबाट बन्चित गरिने छैन ।

३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बालबालिकालाई आधारभुत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने,

ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग, समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

ग) विद्यालयको शैक्षिक योजना सम्बन्धि अभिलेख अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुर्‍याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागीता गराउन आवश्यक व्यवस्था मिलाउने,

च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागी विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामुलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,

ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागी पहल गर्ने,

झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

नारायण बन
नगर प्रमुख

ञ) नगरपालिका क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने र त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई अध्यापन गर्न प्रोत्साहित गर्ने ,

ट) शिक्षकको कार्य दक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

ठ) विद्यालयको लागी आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागी पुरस्कारको व्यवस्था गर्ने,

ढ) आफ्नो क्षेत्र भित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

ण) आफ्नो क्षेत्र भित्रका विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकुल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धि योजना तर्जुमा गर्ने,

त) नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक, अस्थायी शिक्षक, राहत तथा अनुदान कोटाका शिक्षक, शिशु शिक्षक, दरबन्दिलाई आवश्यकता अनुसार सरुवा गर्ने ।

थ) नगर क्षेत्रभित्र आन्तरिक शिक्षक दरबन्दी मिलान गर्ने ।

द) तोकिएको न्युनतम शैक्षिक योग्यता (मापदण्ड) पुगेका शिक्षकहरु मध्येबाट आवश्यकता अनुसार प्र.अ. मा नियुक्त गर्न सक्नेछ र प्रधानाध्यापकको नियूक्तीको अन्तिम अधिकार नगर शिक्षा समितिमा रहनेछ ।

ध) विद्यालयले सदियौं देखि भोगचलन गर्दै आएको जग्गा विद्यालयको स्वामित्वमा ल्याउन पहल गर्ने ।

न) विद्यालयहरुको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्युनीकरणकालागी कार्य योजना तयार गर्ने ।

प) विद्यालय शिक्षामा सुधारका लागि योजना बनाई नगर सभामा पेश गर्ने ।

फ) आफ्नो सेवा क्षेत्र भित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृती, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने/गराउने,

ब) र.न.पा. भित्रका कुनै पनि विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरु नगर शिक्षा समितिलाई उपयुक्त नलागेमा सो निर्णय खारेज गरी नगर शिक्षा समितिबाट अर्को निर्णय गर्ने ।

भ) आवश्यकता अनुसार अतिरिक्त शिक्षक पारिश्रमिक कोष/ जगेडा शिक्षक कोष राख्न सिफारिस गर्ने ।

म) विद्यालयका अनुगमनका लागि एक अनुगमन उपसमिति बनाउन सक्नेछ ।

य) निजी विद्यालयको छात्रवृत्ति वितरण पारदर्शी बनाउन निर्देशन दिनेछ ।

र) आफ्नो सेवा क्षेत्र भित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा नियुक्तिका लागी शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग गर्न लगाउने,



नारायण चन्द
नगर प्रमुख

ज) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागी समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कारबाही गर्ने गराउने,

झ) यस ऐनको प्रारम्भपछि रिक्त शिक्षकको विज्ञापन नगरपालिकाबाट हुनेछ ।

२) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. शिक्षा समितिको बैठक :-**

क) नगर शिक्षा समितिको बैठक सामान्यता २(दुई) महिनामा एक पटक बस्नेछ ।

ख) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउने छ ।

ग) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. नगर शिक्षा कोष :**

(१) सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार विकासमा सहयोग पुऱ्याउन शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी शिक्षक तथा अभिभावकहरुलाई प्रोत्साहनजनक तथा क्षमता विकासमा कार्य गर्न नगरपालिका अन्तर्गत एक नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :

क) संघीय सरकारबाट प्राप्त अुदान रकम

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम

घ) सम्बन्धित विद्यालयबाट प्राप्त विद्यालयको कुल आम्दानीमध्ये तोकिए बमोजिम प्रतिशतले हुन आउने रकम

ङ) शिक्षा करबाट तथा सेवा शुल्कबाट उठेको रकम

च) चन्दाबाट प्राप्त रकम

छ) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार उठेको रकम

३) कोषको सञ्चालन व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

**१२. विद्यालय व्यवस्थापन समिति :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

नारायण वन
नगर प्रमुख

क) माध्यमिक विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष तथा आधारभुत विद्यालयहरुको हकमा वडा अध्यक्षले तोकेको प्रतिनिधी - अध्यक्ष[३३]

ख) अभिभावकहरुले आफुहरुमध्येबाट छानि पठाएका दुईजना महिला सहित चार जना - सदस्य

ग) विद्यालयमा संस्थापक स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमि, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्दै आएका वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना - सदस्य

घ) विद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छानि पठाएको एक जना (सरकारी अनुदान वा तलब भत्ता पाएका शिक्षकहरु मध्येबाट) - सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

च) विद्यालय स्तरीय बाल क्लवले मनोनित गरेको बालक बालिका दुइ जना स्थायी आमन्त्रित सदस्य ।

२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावहरु र समावेशी वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

३) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागी वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५) सम्बन्धित विद्यालय निरिक्षक र स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

६) संस्थागत विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) विद्यालयका संस्थापक लगानीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिका अध्यक्षले मनोनित गरेको व्यक्ति - अध्यक्ष

ख) अभिभावकहरुले आफुहरुमध्येबाट छानि पठाएका एकजना महिला सहित दुईजना - सदस्य

ग) विद्यालय रहेको सम्बन्धित बडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको - सदस्य

घ) सम्बन्धित विद्यालय निरिक्षक - सदस्य

ङ) विद्यालयका शिक्षकले आफुहरु मध्येबाट छानी पठाएको एक जना- सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

नारायण वन
नगर प्रमुख

७) उपदफा ५, ६ र ७ बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

८) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालयको सञ्चालन रेखदेख निरिक्षण र व्यवस्थापन गर्ने

ख) विद्यालयको लागी चाहिने आर्थिक स्रोत जुटाउने

ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागी छनोट गर्ने

घ) तालिममा जाने शिक्षक तथा कर्मचारीलाई तालिमबाट फर्के पछि कम्तीमा ३ बर्ष विद्यालयमा सेवा गर्नुपर्ने सम्बन्धमा शर्तहरु निधारण गरि कबुलियतनामा गराउने

ङ) शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा गर्ने

च) विद्यालयको स्रोतबाट बेहोंने गरि शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने, त्यसरी नियुक्त भएका शिक्षक तथा कर्मचारीलाई समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने

छ) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा करार नियुक्तिको लागी सो पद रिक्त भएको मितिले १५ दिन भित्र स्थानीय तहमा लेखि पठाउने ।

ज) विद्यालयका शिक्षक तथा कर्मचारीका हाजिर जाँच गरि गयल हुने शिक्षक वा कर्मचारीउपर पृष्ठपोषण दिन सक्ने ।

झ) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाहि गर्न पाउने विषयमा विभागीय कारवाहि गरि त्यसको जानकारी सम्बन्धित स्थानीय तहलाई दिने तथा आफुलाई कारबाहि गर्ने अधिकार नभएको विषयमा कारवाहिको लागि सिफारीस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिबेदन स्थानीय तहमा पठाउने ।

ञ) विद्यालयको शैक्षिक स्तर बृद्धि गर्न आवश्यक सामन तथा शैक्षिक सामग्रीको व्यवस्था गर्ने ।

ट) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका बाट सञ्चालन हुने विभिन्न कार्यक्रममा विद्यालयलाई सरिक गराउने ।

ठ) विद्यार्थीहरुले पालन गर्नु पर्ने आचार संहिता बनाई लागु गर्ने ।

ड) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अध्यावधिक गराई राख्ने ।

ढ) प्रत्येक बर्ष विद्यालयका चन्दा दाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।



नारायण वन
नगर प्रमुख

ण) विद्यालयको लेखापरिक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखा परिक्षकहरु मध्ये कम्तीका तिन जनाको नाम नियुक्तिको लागि स्थानीय शिक्षा अधिकारी समक्ष सिफारिस गर्ने ।

त) विद्यार्थी, शिक्षक, कर्मचारीतथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्वन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने ।

थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रबृत्ति रकम प्रदान गर्ने

द) निरिक्षकले विद्यालयको छड्के जाँच वा निरिक्षण गर्दा हाजिरि पुस्तीका वा विधुतिय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएको दिनको तलब कट्टा गर्ने ।

ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने ,

न) स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

प) विद्यालयमा लक्षित समुहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम संचालन गर्न आवश्यक देखिएमा स्थानीय तहमा माग गर्ने,

फ) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

ब) विद्यालयको बिपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्युनिकरणकालागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

म) आफ्नै स्रोतबाट नियुक्ति हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहिलाई व्यवस्थित गर्न कार्यविधि बनाई स्थानीय शिक्षा अधिकारी मार्फत नगरपालिकाबाट स्वीकृत गराई लागु गर्ने,

य) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पुरा नगरेमा प्रचलित कानुन बमोजिम सचेत गराउने, बढिमा दुई ग्रेड बृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्षमा बढुवा रोक्का गर्न स्थानीय शिक्षा अधिकारी समक्ष कारबाहिको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारबाहि अगाडि बढाउँदा सफाइको मनासिव मौका दिनुपर्नेछ ।

र) स्थानीय शिक्षा अधिकारीले दिएको निर्देशन अनुरुप काम गर्ने ।

९) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालयको शैक्षिक गुठीका गुठियार वा कम्पनिका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

ग) विद्यार्थीहरुलाई परीक्षमा सामेल गराउने,



नारायण वन
नगर प्रमुख

घ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यार्थी सरिक गराउने,

ङ) प्रत्येक बर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी बर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

च) विद्यालयको शिक्षक पदको दरबन्दि स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र ६ महिना भित्र स्थायी पदपुर्तिको प्रक्रिया शुरु गर्ने,

छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकलाई नगरपालिकाले उपलब्ध गराउने तलब भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्थ ागर्ने,

झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

ञ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाहि गर्ने,

ट) विद्यालयको लेखा परीक्षणको लागी प्रचलित कानुन बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्येबाट कम्तीमा ३ जना लेखा परीक्षकको नाम नियुक्तिको लागी स्थानीय शिक्षा अधिकारी समक्ष सिफारिस गर्ने,

ठ) विद्यार्थीहरुले पालना गर्नुपर्ने आचार संहिता बनाई लागु गर्ने,

ड) स्थानीय शिक्षा अधिकारीले दिएका निर्देशन अनुरुप काम गर्ने ।

ढ) शिक्षक अभिभावक संघ गठन गर्ने ।

१०. व्यवस्थापन समितिले आफ्नो अधिकिारमध्ये आवश्यकता अंनुसार केहि अधिकार व्यवस्थापन समितिको सदस्य - सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

११. व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :**

(१) देहायको अवस्था एवम् तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई स्थानीय शिक्षा अधिकारीको सिफारिसमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

ग) नेपाल सरकार प्रदेश सरकार वा स्थानीय सरकारको निती विपरीत काम गरेमा,

घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा वा



नारायण वन
नगर प्रमुख

ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मुनासिब मौका दिनु पर्नेछ ।

(२) उपदाफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढिमा ६ महिनाको हुनेछ ।

**१४. विद्यालयको सम्पत्ति :**

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्न प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको अचल सम्पत्ति सोहि विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिउको वा कुनै विद्यालयमा गभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(३) शैक्षिक गुठी तथा सहकारीको रुपमा संचालित संस्थागत विद्यालयको अचल सम्पत्ति सोहि विद्यालयको नाममा रहनेछ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यो सम्पत्तिको स्वरुप नगरपालिकाको स्वीकृति बेगर परिवर्तन हुने छैन ।

४) कम्पनिको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनिको नाममा रहनेछ ।

५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासँग दान दातव्यकोरुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

६) उपदफा ४ बमोजिमको सम्पत्ति नगरपालिकाको स्वीकृति वेगर वेचविखन गर्न पाईने छैन ।

७) विद्यालयको सम्पत्ति संरक्षण सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. विद्यालयको वर्गिकरण :**

विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**१६. निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धि व्यवस्था :**

(१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थिको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिने छ ।



नारायण वन
नगर प्रमुख

(३) सबै बालबालिकालाई आधाभुत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागी आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपि तथा बहिरा/ स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना शुल्क लिईसकेपछि पुनः सोहि विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागी कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृत दिदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइने छ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली निर्देशिका कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्छ ।

(१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पचास हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

**१७. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिब, महिला, जनजाति, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (३) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिमा अभिभावकबाट छनौट भएको सदस्यको संयोजकत्वमा नगरपालिकाको विद्यालय निरीक्षक, सम्वन्धित वार्डको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(४) उपदफा (२) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधार प्रक्रिया सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्ने :**

(१) सबै अभिभावकले पाँच बर्ष पुरा भएका बालबालिकालाई आधारभुत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।



नारायण वन
नगर प्रमुख

(२) उपनियम (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाए नपठाएको सम्वन्धमा नगर शिक्षा समिति, सम्बन्धित वडाको वडा अध्यक्ष, विद्यालय निरिक्षक, स्रोतव्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(३) कुनै अभिभावकले उपनियम (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबलिकालाई विद्यालयमा पठाउन लगानु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्झइ बुझई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिने छ ।

(५) यस नियम बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले नि:शुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समुहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

**१९. विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने :**

(१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भईरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

२) विद्यालय खोल्ने कक्षा थप गर्ने नाम परिर्वतन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा वन्द गर्ने सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. शिक्षकको सरुवा :**

(१) सरुवा हुन चाहाने स्थानिय शिक्षकले तोकिए बमोजिमको निवेदन, फारम भरी नगरपलिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निबेदन प्राप्त भएमा नगर शिक्षा समितिको सिफारिसमा स्थानीय शिक्षा अधिकारीले त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ तर त्यसरी सरुवा गर्दा निबेदक कार्यरत स्थानको नगरपालिका वा गाँउपालिकाको सहमति लिई नगर शिक्षा समितीको निर्णय बमोजिम सरुवा गर्न सकिनेछ ।

(३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा ५ बर्ष सेवा अवधि पुरा गरेको स्थायी/अस्थायी तथा अन्य शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा नगरशिक्षा समितिले आफ्नो नगर भित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ ।

नारायण वन
नगर प्रमुख

तर दरबन्दी मिलान गर्दा वा तोकिए बमोजिमको बिषेश कारण बस कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा ५ वर्ष पुरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न वाधा पर्नेछैन ।

४) स्थायी नियुक्ति लिएको १ बर्ष नपुगेका शिक्षक र अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम समय बाँकी रहेको शिक्षकको सरुवा गरिने छैन ।

५) नगर भित्रका राहत शिक्षक/अस्थायी शिक्षक तथा शिशु शिक्षकहरुलाई नगर शिक्षा समितिले आवश्यकता अनुसार नीति बनाई नगरभित्रका जुनसुकै विद्यालयमा पनि सरुवा गर्न सक्नेछ ।

६) माथि उल्लेखित जुनसुकै कुरा लेखिएको भएता पनि शिक्षक सरुवाको मापदण्ड नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

७) प्र.अ./शिक्षक सरुवा नियमावलीमा तोकिए अनुसार हुनेछ ।

## २१. शिक्षक/कर्मचारी छनोट समिति :

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक कर्मचारी नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक/कर्मचारि छनोट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य-अध्यक्ष

(ख) नगरशिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको - सदस्य

(ग) सम्बन्धित वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा प्रतिनिधि - सदस्य

(घ) विद्यालयको प्राधानाध्यपक- सदस्य–सचिव

(ङ) सम्बन्धित क्षेत्रको विद्यालय शिक्षा अधिकृत – सदस्य

(२) शिक्षक सेवा आयोगले शिक्षक छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारि गरेको भए शिक्षक छनोट समितिले त्यो मापदण्डको पालना गर्नुपर्नेछ ।

(३) शिक्षक छनोट सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) छनोट समितिले नगरपालिका वा जिल्ला भरिबाट सुचिकृत विषय विशेषज्ञहरु मध्येबाट कम्तिमा दुईजना बोलाई परिक्षा लिनुपर्नेछ ।

## २२. करारमा शिक्षक नियुक्ति सम्बन्धि व्यवस्था :

(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थाय शिक्षक नियुक्ती हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले स्थानीय शिक्षा अधिकारी मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सुचि माग गर्नुपर्नेछ ।

नारायण वैद्य
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम माग गरेको सुचि प्राप्त भए पछि सुचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यता क्रमका आधारमा व्यवस्थापन समितिले बढिमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सुचीमा करारका लागी कुनै उम्मेवार नरहेमा वा सुचिमा समावेश भएका उम्मेवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढिमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा स्थानीय शिक्षा अधिकारीबाट दरबन्दि रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) राहात अनुदान कोटामा करार शिक्षक छनौट सम्बन्धि व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ ।

**२३. विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान :**

(१) नगरपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाड गर्नेछ ।

क) विद्यालयको विद्यार्थी संख्या

ख) विद्यालयको शिक्षक संख्या

ग) विद्यालयको सिकाई उपलब्धी

घ) विद्यालयको आर्थिक अवस्था

(२) नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

(३) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकाशा भएको हो सोहि शिर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान रकममा कटौती गरिनेछैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोलमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौं तगर्न सकिनेछ ।

**२४. साक्षेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :**

(१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत संचालित विद्यालयहरुविच साक्षेदारिमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन काम कर्तव्य र अधिकार साझेदारिका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :**

(१) नगरपालिकाले समुदायमा साक्षरता सिप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढि हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **निर्देशन दिन सक्ने :**

(१) कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम दिईएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितीको कर्तव्य हुनेछ ।

२७. **अनुमति वा स्वीकृति रद्द गर्ने :**

कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियामावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति नगरपालिकाले रद्द गर्नेछ ।

२८. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :**

(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजिकरण गर्ने बातावरण सृजन गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **बालबालिकालाई निष्काशन गर्न, शारिरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरिक वा मानसिक यातना दिन वा दूर्व्यवहार गर्न पाइने छैन ।

३०. **शिक्षक तथा कर्मचारीको पदीय आचरण:**

(१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनु पर्नेछ ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) तोकिएको आचरसंहिताको पालना नगरेमा एवम् देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाईनेछ ।



नारायण वन
नगर प्रमुख

क) पदिय दायित्व पुरा नगरेमा

ख) विना सुचना लगातार १५ दिन भन्दा बढि समय विद्यालयमा अनुपस्थित रहेमा

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायीक क्रियाकलाप गरेमा

च) शिक्षक वा कर्मचारी राजनितिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा

यस खण्डमाको प्रयोजनका लागि कार्यकारीणी समिति भन्नाले राजनितिक दलको विधान बमोजिम गठित केन्द्रियस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ

**३१. शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासन व्यवस्थापन सम्बन्धि काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धि काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउनेछैन र त्यस्तो अवभिको तलब भत्ता पाउनेछैन र त्यस्तो अबधि निजको सेवामा गणना हुने छैन ।

**३३. स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कायरत शिक्षक वा कर्मचारीले

स्थायी आवासिय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बखस्ति गरिनेछ ।

**३४. कर्मचरी सम्बन्धि व्यवस्था: विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।**

३५. शिक्षक विधार्थीको अनुपात, दरवन्दी मिलान र थप शिक्षक सहायता :

शिक्षक विधार्थीको अनुपात दरवन्दि मिलान र थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ ।

३६. टयुसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धि व्यवस्था



नारायण वन
नगर प्रमुख

(१) टयुसन,कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोष, पुर्व तयारी कक्षा लगायतका परामर्श सेवा सञ्चालन गर्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) टयुसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोष, पुर्व तयारी कक्षा लगायतका परामर्श सेवा सञ्चालन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३७. नियम बनाउने अधिकार:**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

क) विधार्थीलाई लाग्ने शुल्क र निर्धारणका आधारहरु

ख) विद्यालयको छात्रवृत्ति

ग) विद्यालयलाई दिईने अनुदान

घ) विद्यालयको परिक्षा

ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मुल्याङ्कन

च) विद्यार्थी शिक्षक अनुपात तथा दरवन्दी मिलान्

छ) विद्यालय समायोजन

ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग

झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन

ञ) प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन

ट) विद्यालयको सह तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम

ठ) विद्यालयको सम्पत्तिको सुरक्षा क

ड) विद्यालयको नामाकरण

ढ) विद्यालयको छात्रबास चलाउने

ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री

त) विशेष तथा समावेशी शिक्षा

द) दुर तथा खुला शिक्षा

ध) नगर शिक्षा कोष

न) विद्यालयको कोष



नारायण वन
नगर प्रमुख

प) विद्यालयको पुस्तकालय र बाचनालय

फ) टयुसन, कोचिङ, शैक्षिक परामर्श भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा

ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता

भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा

म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम

य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता काम कर्तव्य अधिकार र सुविधा

र) विद्यालयको झण्डा चिन्ह र प्रार्थना

**३८. बाधा अड्काउ हटाउने अधिकार यस ऐनको कार्यन्वयनमा बाँधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ ।**

**३९. बचाउ र लागु नहुने :**

(१) यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका कुराहरु यसै बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघिया शिक्षा ऐन वा प्रदेश शिक्षा ऐनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

नारायण वन
नगर प्रमुख